नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## मूल्य अभिवृद्धि करको विवरण मासिक बुझाउनु पर्ने सम्वन्धी जरुरी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा संशोधन भई साविकमा रहेको ईंटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ भन्ने व्यवस्था खारेज भएको छ। संशोधित व्यवस्था अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक एक करोड रुपयाँ भन्दा बढीको कारोवार भएका **ईंटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घर**ले २०८० साउनदेखि मासिक रुपमा मूल्य अभिवृद्धि करको विवरण दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै हाल द्वैमासिक अवधिमा मूल्य अभिवृद्धि कर विवरण दाखिला गर्ने सुविधा नरहेकोले वार्षिक एक करोड रुपयाँ भन्दा बढीको कारोवार भएका करदाताले मासिक रुपमा नै विवरण दाखिला गर्नु पर्ने समेत सूचित गरिएको छ। थप जानकारीको लागि आफू दर्ता रहेको कार्यालयमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ।

## मूल्य अभिवृद्धि करको चौमासिक विवरण दाखिला गर्ने सम्वन्धी जरुरी सूचना

वार्षिक एक करोड रुपैयाँसम्मको मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गर्ने करदाताले चार चार महिनामा विवरण पेश गर्न पाउने गरी कर सहभागिता लागत र समय घटाई साना करदातालाई सुविधा दिन मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ बमोजिम आ.व. २०७९/८० (सम्बत् २०७९ साउनदेखि २०८० असारसम्म)को मूल्य अभिवृद्धि कर विवरण दाखिला गरी वार्षिक एक करोड रुपयाँसम्मको कारोवार भएका करदाताहरुको कर अवधि २०८० साउनदेखि मासिकबाट चौमासिक कायम गरिएको छ।

मासिक रुपमा विवरण दाखिला गर्दै आएका करदाताले २०८० साउनदेखि हरेक चार महिना अर्थात साउन, भदौ, असोज र कात्तिकको विवरण मंसिर २५ गतेसम्म, मंसिर, पुस, माघ र फागुनको विवरण चैत २५ गतेसम्म एवं चैत, बैशाख, जेठ र असारको विवरण साउन २५ गतेसम्म पेश गर्ने सुविधा प्रदान गरिएको व्यहोरा सूचित गरिएको छ। माथि उल्लिखित करदाताले मासिक कर विवरण दाखिला गर्न चाहेमा सम्वन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयमा पन्ध्र दिनभित्र जानकारी दिनु हुन समेत सूचित गरिन्छ।